बैठक नं. ६६

आ.व.२०८२।०८३

मिति : २०८२।०६।०७

समय : दिउँसो १:०० वजे

स्थान : नगरपालिकाको कार्यालय

आज मिति २०८२।०६।०७ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको वैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत

२) नगर उप–प्रमुख श्री गुलिया कुमारी चौधरी

३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा

४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी

५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम

६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही

७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द

८) वडा नं. ६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी

९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा

१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद

११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह

१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार

१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी

१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी

१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार

१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा

१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा

१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी

१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.

२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.

२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली

२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार

२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

घोडाघोडी नगरपालिकाको आ.व.२०८२।०८३ बैठक नं ६६ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु

बैठक मिति : २०८२।०६।०७ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

प्रस्तावहरु :

१) मर्मत सम्भार तथा सेवा प्रवाह सम्बन्धमा ।

२) भौतिक पुर्वाधार संरचनाहरुको क्षतिको प्रतिवेदन सम्बन्धमा ।

३) मितव्ययिता कायम गर्ने सम्बन्धमा ।

निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहरु

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा देश व्यापी रुपमा सरकार विरुद्ध GEN-Z आन्दोलनको क्रममा मिति २०८२ भाद्र २४ र २५ गते दिउँसो तथा रातिको समयमा आन्दोलनकारीहरुले घोडाघोडी नगरपालिकाको कार्यालय भवन तथा वडा कार्यालयहरुमा तोडफोड गरी आगजनी गर्दा कार्यालय भवन , कार्यालय भित्र रहेका जिन्सी धनमाल लगायत, कार्यालय कम्पाउण्डमा रहेका सवारी साधनहरु समेतमा तोडफोड एवं आगजनी भइ नगरपालिका तथा वडा कार्यालयबाट नागरिकलाई प्रदान गरिने सेवा प्रवाह अवरुद्ध भएकोले पूर्ण रुपमा कार्यालयको मर्मत तथा पुनर्निर्माण तथा सामाग्री व्यवस्थापन गरि कार्यालय संचालन गर्न बढी समय लाग्ने भएकोले तत्काल नगरवासीलाई न्युनतम सेवा प्रवाह गर्न छोटो खरिद विधिबाट कार्यालयको सरसफाइ, पानी, बिजुली शौचालय,ग्राउन्ड फ्लोरको झ्याल ढोका ग्रिल मर्मत ,कम्प्युटर, प्रिन्टर,सिसि क्यामेरा लगायतका अति आवश्यक सामाग्री व्यवस्थापन गरि कार्यालय संचालन गर्न नगरपालिका तथा सम्बन्धित वडालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा GEN-Z आन्दोलनको क्रममा नगरपालिकाको प्रशासनिक भवन तथा वडा कार्यालयहरुको भौतिक पुर्वाधार संरचनाहरुको क्षतिको अवस्था तथा मर्मत तथा पुननिर्माण सम्बन्धमा स्थलगत अध्ययन गरि प्राविधिक प्रतिवेदन पेश गर्न भवन तथा वस्ति विकास शाखाका ईन्जिनियर श्री किशोर भट्टको संयोजकत्वमा इन्जिनियर श्री नवीन मल्ल तथा सम्बन्धित वडाका वडा प्राविधिक समेतको सहभागितामा समिति गठन गरि क्षति भएका भौतिक पुर्वाधार संरचनाहरुको क्षतिको अवस्था तथा मर्मत तथा पुननिर्माण सम्बन्धमा स्थलगत अध्ययन गरि प्राविधिक प्रतिवेदन पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा पारदर्शिता, नियमितता र प्रभावकारिता कायम गरी नगरपालिकामा संस्थागत सुशासन कायम गर्न तथा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२।०६।०५को निर्णयानुसार सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत , सार्वजनिक खर्च सुचारु अनुउत्पादक खर्च कटौति ,मितव्ययिता कायम गर्ने अर्थ मन्त्रालयको परिपत्र समेतका आधारमा यस नगरपालिकाको खर्च मितव्ययिता कायम गर्न देहाय अनुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहायः

१) अत्यावश्यक वाहेकका तालिम गोष्ठी सेमिनार संचालन नगर्ने संचालन गर्नैपर्ने अवस्थामा कम खर्चमा मितव्ययिता कायम हुने गरि संचालन गर्ने ।

२) सवारी साधनको उपयोगलाई व्यवस्थित गर्ने,कानुनमा व्यवस्था भएकोमा बाहेक सवारी सुविधा पाउने पदधिकारीलाई सवारी साधन उपलब्ध नगराउने ।

३) भाडामा लिएको सवारी साधनको सम्झौता भंग गरि सरकारी साधनको मितव्ययी उपयोग गर्ने र कार्यालयको कामकाजमा प्रयोग वाहेक अन्य कामकाजमा सवारी साधन प्रयोग नगर्ने । सवारी साधन प्रयोग गरि सकेपछी कार्यालयमा नै राख्ने व्यवस्था मिलाउने ।

४) कानुनमा इन्धन सुविधा सम्बन्धि व्यवस्था भएको र सरकारी तथा निजि सवारी साधनको प्रयोग गरि कार्यालयको कामकाज गर्ने, पदाधिकारी कर्मचारी बाहेक अन्य व्यक्ति पदाधिकारीलाई इन्धन नदिने ।

५) कार्यालय प्रयोजनको लागि घरभाडा सम्झौता भइ हाल कर्मचारीहरुले आवासको रुपमा प्रयोग गरिरहेका घर भाडा सम्झौता रद्ध गर्ने ।

६) GEN-Z आन्दोलनको क्रममा क्षतिग्रस्त भएका भौतिक पुर्वाधार संरचनाहरुको पुनर्निर्माण मर्मत सम्भार तथा कार्यालय व्यवस्थापन गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउन पुनर्निर्माण कोष स्थापना गर्ने सो कोषमा सवै जनप्रतिनिधिहरुको १ महिना बरारबरको सुविधा जम्मा गर्ने र कर्मचारीहरु समेतलाई सो कोषमा योगदानको लागि स्वईच्छिक रुपमा आवह्वान गर्ने ।

७) घोडाघोडी नगरपालिकाको सेवा प्रवाह विकास निर्माणलाई पारदर्शी मितव्ययी उत्तरदायी तथा प्रभावकारी वनाउने र अर्थ मन्त्रालबाट प्राप्त परिपत्रको पालना गर्ने ।